जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष १० • अंक ३४३ • २०८० असोज १५ गते सोमवार • 2 Oct. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## नेकपा एमाले मधेश प्रदेशको अधिवेशनका लागि प्रतिनिधिहरुको मनोनयन दर्ता




जलेश्वरटुडे समाचारदाता
धनुषा, १४ असोज

नेकपा एमाले मधेश प्रदेशको अधिवेशनका लागि शनिबार प्रतिनिधिहरुको मनोनयन दर्ता गरिएको छ। प्रदेशका ८ जिल्लाबाट बढीमा १ हजार जनासम्म प्रतिनिधि छनोट हुने बताइएको छ।

पालिका र जनवर्गीय संगठनबाट छनोट हुने प्रतिनिधिका लागि चुनावी प्रकृया अपनाइएको छ । प्रतिनिधिका लागि मनोनयन दर्ता भए पनि अधिकांशमा निर्बिरोध हुने नेताहरुले जनाएका छन्। स्रोतहरुका अनुसार प्रतिनिधि छनोटमा नेताहरुले प्रभाव भएको पालिकाहरुमा एकतर्फी गरेका छन् । प्रतिनिधि चयनमा बहुमत हुने पक्षले अध्यक्ष लगायतका पदहरुमा सशक्त दाबेदार हुने सम्भावना छ । मधेश प्रदेशका इञ्चार्ज योगेश भट्टराई केही समयदेखि निरन्तर रुपमा अधिवेशनको तयारीमा जुटेका छन्। उनले प्रदेश अधिवेशनबाट आउने नेतृत्वले मधेश प्रदेशमा संगठनलाई सबल बनाउने बताउँदै आएका छन्।

असोज २४ र २५ गते मधेश प्रदेशको अधिवेशन हुनेछ। २४ गते नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । प्रदेश अधिवेशनमा ९ सयदेखि १ हजारको हाराहारीमा प्रतिनिधि छनोट हुने एमाले प्रदेश संसदीय दलका नेता एवं पूर्व मन्त्री सरोज यादवले बताए । 'प्रतिनिधिका लागि पुरुषको हकमा ७ वर्ष र महिला, दलित, अपांगता भएकाहरुको हकमा ५ वर्ष संगठनमा

बांकी पृष्ठ २ मा ।

## जनता मुखी विकासको ठाउँमा पार्टी मुखी विकास भएको जनगुनासो



गणेश कुमार सिंह
महोत्तरी, १४ असोज

महोत्तरीको गौशाला नगरपालिका वडा नं. ३ स्थित नवलपुरमा जनता मुखी विकासको काम काज नभएको त्यहाँका जनताहरुले नगर उप-प्रमुख रेणु कुमारी महतो सामु गुनासो पोखेका छन्। पटक पटक मत दिएर जितिसके पनि जनतामुखी विकास नभएको स्थानीय राजनीति कर्मी सिताराम महतो ले बताएका छन् ।

नवलपुर गाउँमा राम्रोसँग बाटो ,नाला नबनाएको र नाला बनाउदा पनि आधी गाउँ बनाउने र आधी गाउँ छोडेको कारणले गर्दा स्थानीयहरु माग राखेका छन्। युवाहरु आफू बेरोजगार भएर गाउँमै बसिरहेको बताए तर आफुहरुको लागि रोजगारको सिर्जना हुने कुनै पनि तालीमको व्यवस्था नभएको युवाहरूले उप-प्रमुख महतो सामु आफ्नो कुराहरु राखेका छन् ।

## मिथिलाञ्चालको लोकपर्व जितियाको उत्सव



जलेश्वरटुडे समाचारदाता
धनुषा, १३ असोज

मिथिलानी नारीहरुको समुह, सखि बहिनपाले मिथिलाञ्चालको लोकपर्व बचाउने र प्रचार प्रसार गर्ने अभियानमा अग्रसरता देखाएका छन्। नव प्रवेशी पर्वहरु मिथिलामा तामझाम सहित विस्तार र हावी हुदै गएको भन्दै सखि बहिनपाले लोक पर्व बचाउन जितिया उत्सव मनाएका हुन।

समाजमा लोकपर्व गौन हुदै जानु र वाहिरी पर्वहरु हावी हुदै जानु समाज र मिथिलाका लागि दुःखद रहेको बताउदै यस पर्वको महिमा, विशेषता दर्शाउन आफुहरु उत्सवका रुपमा मनाएको सखि बहिनपाकी भारती देवी चौधरीले बताइन । जनकपुरधामको एतिहाँसिक गंगासागरको गंगाआरती घाटमा सखि बहिनपा सहितका मिथिलानीहरु जम्मा भएर जितियाको पुर्व सन्ध्यामा जितिया उत्सव मनाएकी छन्।

यो समुहले गत वर्ष स्थानिय नोचा पोखरीमा गरेको जितिया उत्सवले खुवै चर्चा पाएको थियो । यस्ता गतिविधीले स्थानिय सरोबरहरुको पनि गरिमा बढने र जितिया पर्वको पनि प्रचार प्रसार भई लोकपर्वको संरक्षण हुने बिश्वास सखि बहिनपाको छ । सो अवसरमा जितियामा प्रयोग हुने प्रसाद र स्रोत साधनहरुको प्रदर्शनी, जितियामा हुने विधी र व्यवहारहरुको प्रदर्शनी गर्नुका साथै विभिनन सांस्कृतीक कार्यक्रम

बांकी पृष्ठ २ मा ।

## लागूऔषध गाँजा बिक्रीवितरण गर्ने गरेको आरोपमा एक महिला पक्राउ



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १४ असोज

महोत्तरीको भंगहा नगरपालिकामा लागूऔषध गाँजा बिक्रीवितरण गर्ने गरेको आरोपमा एक महिला पक्राउ परेका छन् । पक्राउ पर्नेमा भंगहा नगरपालिका ९ हरिनमरी बस्ने २७ वर्षीया रिना कुमारी देवी छिन् ।

गोप्य सूचनाको आधारमम आज बिहान साढे १० बजे उनको घरमा प्रहरीले चेकजाँच गर्दा २५० ग्राम सहित पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको

बांकी पृष्ठ २ मा ।

गौशाला प्राविधिक शिक्षालय
गौशाला-१२, कान्तिबजार, महोत्तरी

पुनः प्रवेश परीक्षा सम्बन्धी अत्यन्त जरूरी सूचना

(सूचना प्रकाशन मितिः २०८०।०६।१२)

CTEVT बाट मान्यता प्राप्त यस गौशाला प्राविधिक शिक्षालय, गौशाला-१२, कान्तिबजार, महोत्तरीमा "सामान्य आयुर्वेद चिकित्सा/कविराज" कार्यक्रममा केही रिक्त सिट हुन गएकोले पुनः प्रवेश परीक्षाको लागि आवेदन फारम भर्न सबैमा जानकारी गराईन्छ।

*आवेदन फारम भर्ने अन्तिम मिति :* २०८०।०६।१८ गते सम्म ।
*आवेदन फारम दस्तुर :* रु.१,५००।-
*न्युन्तम शैक्षिक योग्यता तथा आवश्यक कागजात :*
१) एस.ई.ई.मा २.० GPA/एस.एल.सी. उत्तिर्ण वा बैद्य/AAHW कोर्षमा ६८.३३ प्रतिशत अंक ल्याई उत्तिर्ण गरेको सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्रहरु ।
२) पासपोर्ट साईज फोटो (३५X४५MM) रंगिन फोटो-२ प्रति
३) जन्मदर्ता वा नागरिकताको प्रमाणपत्र ।
*फारम पाइने र बुझाउने स्थान :* गौशाला प्राविधिक शिक्षालय, गौशाला-१२, कान्तिबजार, महोत्तरी ।
*सम्पर्क नं. :* ९८४४३१३६६८, ९८४४३३०३५३, ९८५७८२३४४२

लामखुट्टेबाट सर्ने रोगबाट बचौं ।

- लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।
- त्यसैले लामखुट्टेबाट बच्न आवश्यक उपायको अवलम्वन गरौं ।
- घरवरिपरि पानी जम्न नदिऔं ।
- घर तथा गोठ वरिपरि सफा सुग्घर राखौं ।
- गोठ तथा खोर घरभन्दा टाढा राखौं ।

*लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड




## सम्पादकीय ...

# सैनिक कूटनीतिको प्रभाव

*नेपाली सेना राजनीतिक शासकको बलमा नभई नागरिकको बल र हितमा क्रियाशील सङ्गठन हो । सेनाका लागि प्रेरणाको मुख्य स्रोत भनेकै नागरिकले दिएको पूर्ण साथ, सहयोग र विश्वास हो । जुनसुकै कठिन परिस्थितिमा पनि उसले आफ्नो व्यावसायिक धर्म छाडेको छैन । सैनिक सङ्गठनबाट मुलुक र लोकतन्त्रको अहितमा कुनै पनि काम हुँदैन भन्ने आमविश्वास छ । मुलुक र लोकतन्त्रमाथि खतरा छ भने त्यो राजनीतिक नेतृत्वको कार्यशैली र क्रियाकलापबाट मात्रै छ ।*

*राजनीतिबाट आफू अनुकूल संविधानको व्याख्या भए पनि सैनिक सङ्गठन संविधानले प्रत्याभूत गरेका प्रजातन्त्रका मूलभूत मान्यतालाई मार्गनिर्देशक सिद्धान्त मानेर हिँडिरहेको छ । संविधानले दिएको भूमिका र मान्यताभन्दा ऊ कहिल्यै बाहिर गएको छैन । कूटनीतिमा पनि असंलग्न परराष्ट्र नीतिको असली पहरेदारको भूमिका सैनिक सङ्गठनले मात्रै निभाएको छ, किनकि राजनीतिलाई जस्तो बाटो बिराउने छुट सैनिक सङ्गठनलाई छैन । आकारमा ठुलो वा सानो भए पनि सार्वभौमसत्ता सबै मुलुकको बराबर हुन्छ भन्ने मान्यताको सैन्य कूटनीतिले मात्रै सम्मान गर्दै आएको छ ।*

*सैनिक कूटनीतिका माध्यमबाट आफ्नो मुलुकमाथि आइपर्ने सुरक्षा चुनौतीको सामना कसरी गर्ने भन्ने चिन्ता सेनालाई हुन्छ । समयको पदचापसँगै सुरक्षा चुनौती पनि थपिँदै गएका छन् । सैनिक सङ्गठनलाई कमजोर र बदनाम गराउँदा राष्ट्र कमजोर हुन्छ । संसद्, न्यायालय र लोकतन्त्रका अवयव मानिने संवैधानिक संस्था कमजोर बनाइँदा सङ्घीय शासन प्रणालीमाथि प्रश्न उठिरहेको छ । यस्तो अवस्थामा राष्ट्रको सुरक्षा, प्रतिष्ठा र कल्याणमा समर्पित सैनिक सङ्गठनलाई कमजोर बनाउन खोज्ने शक्तिका क्रियाकलापविरुद्ध सबै एकजुट हुनु पर्छ । सैनिक सङ्गठनमाथि प्रश्न उठाइनु मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता र अस्तित्व रक्षाको विरुद्ध हुने छ ।*

# सिरहाको माडर भन्सार नाका नजिकैबाट झण्डै ५० लाख बराबरको बेवारिसे कपडा बरामद




जलेश्वरटुडे समाचारदाता
सिरहा, १४ असोज

राजस्व अनुसन्धान कार्यालय इटहरीले शुक्रबार राति सिरहाको माडर भन्सार नाका नजिकैबाट झण्डै ५० लाख बराबरको बेवारिसे कपडा बरामद गरेको छ ।

स्थानीय चन्द्रनारायण माध्यमिक विद्यायलको प्राङ्गणस्थित आँपको बगैंचामा थुपारिएको अवस्थामा उक्त कपडा फेला परेको थियो । विशेष सुराकीका आधारमा राजस्वका इटहरी कार्यालय प्रमुख सुरेश आचार्यको नेतृत्वमा गएको सशस्त्र प्रहरीसमेतको टोलीले कपडा नियन्त्रणमा लिएको हो । दसैँमा बिक्री गर्ने उद्देश्यले भन्सार छली गरेर कपडा ल्याइएको हुनसक्ने आशङ्का प्रमुख आचार्यले व्यक्त गरे । साथै उनले राजस्वको टोली आउँदै गरेको चाल पाएपछि तस्करहरू सामान छाडेर भागेको हुनसक्ने बताए । सर्टिङसुटिङका कपडा, सारी, तयारी पोशाक लगायतका सामान बरामद गरिएको हो । सामान इटहरी कार्यालयमा लगेर यकिन गरिने जानकारी आचार्यले दिए ।

### मिथिलाञ्चालको लोकपर्व.........

र गितगान प्रस्तुत गरिएको थियो । समुहको जयेष्ठ सखि सुनिता मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा पुनम झा मैथिल, बिन्दु ठाकुर, भारती चौधरी, आरती चौधरी, पुनम मिश्र, रुवी पाठक सहितकाले अगुवाई गरेकी थिइन ।

### लागूऔषध गाँजा.........

छ । सीतापुर प्रहरी चौकीको प्रहरी टोलिले उनलाई पक्राउ गरेको हो । उनको श्रीमानको खोजी जारी र आवश्यक अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

### नेकपा एमाले मधेश.........

अनिवार्य रुपले काम गरेको हुनुपर्नेछ 'उनले भने, आठवटै जिल्लाबाट प्रतिनिधि छनोटको काम सम्पन्न भएपछि संख्या यकिन हुनेछ । सोमबारसम्म सबै जिल्लाको नतिजा आउने बताइएको छ । धनुषाको निर्वाचन क्षेत्र नम्बर १ को ४ वटै पालिकामा सर्वसम्मतिबाट प्रतिनिधि चयन भएको जनाइएको छ । मधेश प्रदेशमा सतहमा प्रमुख रुपमा दुई गुट देखिएको छ । रघुबीर महासेठ गुटको नेतृत्व सांसद समेत रहेकी जुली महासेठले गरिरहेकी छन् । अर्को पक्षको नेतृत्व सुमन प्याकुरेलले गरिरहेका छन् । प्रदेशमा प्याकुरेल समूहको स्थिति बलियो रहेको बताइन्छ । नेता महासेठ निकट मानिने पुरषोत्तम पौडेल पनि अध्यक्षका आकांक्षी रहेका छन् । हाल उनी प्रदेशको उपाध्यक्ष रहेका छन् । एमालेको बागमती, कर्णाली, लुम्बिनी प्रदेशमा चुनावी प्रकृयाबाट नै अध्यक्ष चयन भएका छन् । पार्टी अध्यक्ष ओलीले चुनावी प्रक्रिया रोकेर सर्वसम्मतबाट नेतृत्व चयनका लागि प्रयास गरे पनि लुम्बिनीमा उपाध्यक्ष विष्णु पौडेल र महासचिव शंकर पोखरेलबीचको गुटबन्दीले चुनाव भएपछि अन्य प्रदेशमा पनि नेतृत्व चयनका लागि चुनाव नै हुन थालेको छ । कोशी प्रदेशमा पनि अध्यक्षका लागि चुनाव नै हुने भएको छ । मधेश प्रदेशमा प्रतिनिधि छनोटको प्रक्रिया जारी रहेकाले अध्यक्षका उम्मेदवारहरु सार्वजनिक रुपमा घोषणा गरेका छैनन् । उच्च स्रोतहरुका अनुसार शनिबार राति अथवा आइतवार बिहान केन्द्रीय नेतृत्वबाट लाइन आएपछि उम्मेदवारहरुको घोषणा हुनेछ । अध्यक्षका आकांक्षीहरुः एमाले मधेश प्रदेशमा सर्वसम्मति हुने दाबी नेताहरुले गरिरहे पनि अध्यक्षमा आधा दर्जनको हाराहारीमा आकांक्षी रहेका छन् । स्रोतहरुका अनुसार सुमन प्याकुरेल अध्यक्ष पदका लागि प्रबल दाबेदार मानिएका छन् । उनको नाममा सर्वसम्मती नभए प्रदेशमा चुनाव निश्चित रहेको बताइन्छ । उनलाई चुनौती दिनेमा पुरषोत्तम पौडेल प्रमुख छन् । पौडेलले प्याकुरेललाई नछाड्ने बताइन्छ । रेवती पन्त पनि अध्यक्ष पदका आकांक्षी रहेका छन् । उनी पनि 'केन्द्रीय लाइन' कुरिरहेका छन् । अहिले कुनै नेतालाई लाइन नआएको बताइन्छ । मधेश प्रदेशमा मधेशी नेतृत्वलाई अगाडि बढाउनु पर्ने दवाव नेतृत्वमाथि बढेको छ । मधेशीलाई जिम्मेवारी नदिए विपक्षी दलहरुले त्यसलाई मुद्दा बनाउन सक्ने बताउँदै नेताहरुले केन्द्रीय नेतामाथि मधेशको भावनालाई सम्मान गर्न दवाव बढाइएको छ । पूर्व संघीय राज्यमन्त्री एवं कानुन व्यवसायी रामसिंह यादव प्रदेश अध्यक्षका बलियो दाबेदार मानिन्छन् । एमाले मधेश विरोधी रहेको आरोप लाग्दै गरेको बेला केन्द्रीय नेतृत्वले यादवलाई अगाडि सार्ने बताइन्छ । धनुषा जिल्लाका एमाले अध्यक्ष रहेका राजकिसोर यादव पनि अध्यक्षको आकांक्षी रहेका छन् ।

विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू :**

- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरे चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।



**आँखा पाक्ने रोगबाट बच्ने उपायहरू :**

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

**आाखा पाक्ने रोग लागिहालेमा के गर्ने :**

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**रामनगर गाउँपालिकाको कार्यालय, सर्लाही**

## तपाईको टुडे

मेषः विचार गरेर बोल्नुहोला

वृषः अनावश्यक खर्चको संभावना

मिथूनः मनमा पछुतो आउने

कर्कटः लामो यात्राको योग छ

सिंहः पढाईमा ध्यान दिनुपर्ने

कन्याः आम्दानी हुने

तुलाः अशुभ समाचार प्राप्त हुने

वृश्चिकः खानपानमा समस्या आउने

धनुः मित्रतामा फाटो आउने

मकरः अनावश्यक चिन्ता

कूम्भः पिछडेको साथी मिल्ने

मीनः शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |
| आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं | १९७ |

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# नाइट क्लबमा आगो लाग्दा ७ जनाको मृत्यु

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ असोज



स्पेनको एउटा नाइटक्लबमा आइतबार बिहान भएको आगलागीमा परी कम्तीमा सात जनाको मृत्यु भएको तथा अन्य चार जना घाइते भएका स्थानीय अधिकारीहरूले बताएका छन्।

दक्षिणपूर्वी शहर मर्सियाको क्लबमा भएको आगलागीमा ज्यान गुमाएका चार जनाको शव फेला परेको उद्धारमा संलग्न आपतकालीन सेवाका एक जना उद्धारकर्ताले एएफपीलाई बताए । वारुणयन्त्रका कर्मचारी तथा स्थानीय सङ्घसंस्था आगो निभाउन, खोज तथा उद्धारमा अहिले पनि सक्रिय छन् । आपतकालीन सेवाका कर्मचारीले सामाजिक सञ्जालमा सार्वजनिक गरेका तस्बिरहरूमा पानीको फोहोराबाट आगो निभाइएको, क्लबबाट धुँवाको मुस्लो निस्किएको देखिन्छ ।

# सेयर बजारमा उच्च अंकको गिरावट, परिसूचक १९७१ अंकमा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ असोज




आइतबार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा ३३.२० अंकले घटेको छ । कारोबार समयदेखि नै ओरालो लाग्न थालेको नेप्से परिसूचक १.६५ प्रतिशतले घटेर बन्द भएको हो। यससँगै, परिसूचक १९७१ अंकमा आएर रोकिँदा आज १० कम्पनीको मात्रै सेयर मूल्य बढेको छ भने २२० कम्पनीको घट्दा २ कम्पनीको स्थिर छ।

परिसूचक उच्च अंकले घटेको दिन आज १ अर्ब ८३ करोड रुपैयाँ बराबरको ६७ लाख २३ हजार कित्ता सेयर किनबेच भएको छ । परिसूचक घटे पनि सयपत्री हाइड्रोपावर लिमिटेडको सेयर मूल्य १० प्रतिशतले बढेको छ। यससँगै, कम्पनीको सेयर मूल्य प्रतिकित्ता ४२९ रुपैयाँ पुगेको छ। आज सनराईज फस्ट म्यूचुअल फण्डसहित अन्य ५ कम्पनीको सेयर मूल्य १० प्रतिशतले घटेको छ । यसबाहेक, अन्य ५ कम्पनीको सेयर मूल्यमा ९ प्रतिशतभन्दा धेरैको गिरावट आएको छ। आज सिटिजन्स लाइफ इन्स्योरेन्स कम्पनीको १४ करोड ७३ लाख रुपैयाँ बराबरको सेयर किनबेच भएको छ भने एनआईसी एसियाको ९ करोड ३५ लाख रुपैयाँको सेयर किनबेच भएको छ।

सेयर परिसूचक १.६५ प्रतिशतले घटेको दिन आज सबै समूहको सूचक घटेको छ। जसमध्ये जीवन बीमा समूहको सूचकमा २११ अंकको गिरावट आएको छ। यस्तै, निर्जीवन बीमा समूहको सूचकमा १६७ अंकको र होटेल र टुरिजम समूहको सूचक ८४ अंकले घटेको छ।

# परिणितीको विवाहको भिडियो सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ असोज



बलिउड अभिनेत्री परिणिती चोपडाले विवाह गरेकी छिन् । उनको विवाहमा धेरैको चासो थिए । २३-२४ सेप्टेम्बरमा उदयपुरमा भव्य समारोहका बिच परिणितीले राघव चड्डासँग विवाह गरेकी हुन्। विवाहको पाँच दिनपछि परिणितीको विवाहको भिडियो सार्वजनिक भएको छ।

यो भिडियोले केही घण्टामै व्यापक भ्यु पाइसकेको छ। परिणितीले यो भिडियो इन्स्टाग्राममा सेयर गरेकी छिन् भने राघवले यसलाई ट्विटरमा सेयर गरेका छन्। भिडियो सेयर गर्दै उनले लेखेका छन्, 'जीवनमा यति अमूल्य उपहार पाउँला भनेर सोचेकै थिइनँ । तर मेरी गायिका श्रीमतीलाई मलाई सर्प्राइज दिन मन पर्छ जस्तो लाग्छ। हर्षले मन अभिभूत छ । तिम्रो स्वर अब मेरो, हाम्रो जीवनको साउन्ड ट्र्याक बनेको छ। धन्यवाद मिसेज चड्डा। तिमीलाई मेरो साथमा पाउँदा आफूलाई विश्वकै भाग्यमानी ठान्छु।'

यो भिडियोमा जुन गीत राखिएको छ, त्यो परिणितीले गाएको भन्ने जानकारी भिडियोमै दिइएको छ । गीतको शब्द परिणिती आफैंले लेखेको जानकारी भारतीय सञ्चार माध्यमले दिएको छ। जानकारी अनुसार परिणितीले यो गीतका लागि एक महिना समय दिइन्, त्यसपछि यसलाई वेडिङ थिम सङ बनाइन्।

# ६० ओभरमा खेलाइएको पहिलो विश्वकप

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १४ असोज



आईसीसी एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताको पहिलो संस्करण सन् १९७५ मा इङ्ल्यान्डमा आयोजना भएको थियो । प्रतियोगिता जुन ७ देखि २१ तारिखसम्म सञ्चालन भएको थियो। पहिलो संस्करणमा आठवटा टोलीले सहभागिता जनाएका थिए।

विश्वकपको पहिलो संस्करणलाई 'प्रुडेन्सियल कप–७५' नाम दिइएको थियो। विश्वकपको पहिलो संस्करणलाई प्रुडेन्सियल इन्सुरेन्स कम्पनीले प्रायोजन गरेका थियो । पुरुष एकदिवसीय क्रिकेट प्रतियोगिताको इतिहासमा त्यतिबेला यो सबैभन्दा ठुलो प्रतियोगिता थियो । प्रतियोगिताको आयोजक इन्टरनेशनल क्रिकेट कन्फरेन्स ( आईसीसी) थियो । 'इन्टरनेशनल क्रिकेट कन्फरेन्स' भनेको अहिलेको 'इन्टरनेशनल क्रिकेट काउन्सिल' कै प्रारम्भिक स्वरूप हो। सुरुमा हालको आईसीसीलाई इम्पेरियल क्रिकेट कन्फरेन्स भनिन्थ्यो। इम्पेरियल क्रिकेट कन्फरेन्स सन् १९०९ मा स्थापना भएको थियो। अस्ट्रेलिया, इङ्ल्यान्ड र दक्षिण अफ्रिकाइम्पेरियल क्रिकेट कन्फरेन्सका संस्थापक सदस्य हुन्। सन्१९२६ वेस्ट इन्डिज त्यसको चौथो सदस्य बन्न पुगेको थियो। सन्१९६५ मा इम्पेरियल क्रिकेट कन्फरेन्सको नाम परिवर्तन गरेर इन्टरनेशनल क्रिकेट कन्फरेन्स राखिएको थियो। त्यसपछि सन् १९८७ मा दोस्रो पटक नाम परिवर्तन गरेर अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल राखिएको हो । त्यसैले पहिलो पटक एकदिवसीय विश्वकप आयोजना हुँदा हालको आईसीसीको नाम इन्टरनेशनल क्रिकेट कन्फरेन्स थियो। विश्वकपको पहिलो संस्करणमा सहभागिता जनाउने आठमध्ये ६ वटा टेस्ट राष्ट्र थिए। ती टेस्ट राष्ट्र अस्ट्रेलिया, इङ्ल्यान्ड, भारत, न्युजिल्यान्ड, पाकिस्तान र वेस्ट इन्डिज थिए।



विष्णु गाउँपालिकाको कार्यालय, सर्लाही

कामनी व्यूटी पार्लर

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# पिस कोरमार्फत स्थापित दुई देशका जनताबीचको सम्बन्ध

- नेपालमा पिस कोर कार्यक्रम सन् १९६२ मा सुरु भएको हो । र, हरेक वर्ष यसै समयमा पिस कोरले आफ्नो स्थापनाको वर्षगाँठ मनाउँछ । सन् १९६२ मा राष्ट्रपति जोन एफ. केनेडीले पिस कोरको स्थापना गरेलगत्तै सोही वर्ष अगस्ट २४ का दिन नेपाल र संयुक्त राज्य अमेरिकाका सरकारहरूले नेपालमा पिस कोर सञ्चालन गर्ने सम्बन्धमा द्विपक्षीय सम्झौतामा हस्ताक्षर गरे । **पिस कोरमार्फत स्थापित दुई देशका जनताबीचको सम्बन्ध** त्यसको केही हप्तापछि सेप्टेम्बर १९६२ मा पिस कोर स्वयंसेवकहरूको पहिलो समूह काठमाडौं आइपुग्यो । त्यसमा ७७ शिक्षक र कृषि विशेषज्ञहरू थिए, जो नेपाली समुदायमा बस्ने र सहकार्य गर्ने गरी आएका थिए । सन् १९६२ यता झन्डै ४ हजार अमेरिकी नागरिकले नेपाल आई दुई-दुई वर्षसम्म स्वयंसेवकका रूपमा सेवा पुऱ्याइसकेका छन् । यी स्वयंसेवकहरूले देशभरिका विभिन्न समुदायमा बसोबास गर्दै बहुमुखी क्षेत्रहरूमा काम गरेका छन ।

यस वर्षगाँठका अवसरमा हामी हाम्रा स्वयंसेवकहरूले आफूलाई आतिथ्य प्रदान गर्ने समुदाय र नेपाली समकक्षीहरूसँग सहकार्य गर्दै हासिल गरेका उपलब्धिहरूलाई स्मरण गर्न चाहन्छौं । कोभिड-१९ महामारीका कारण पिस कोर स्वयंसेवकहरू तीन वर्षसम्म नेपाल आउन पाएका थिएनन । तर यस वर्ष उनीहरू नेपाल फर्केका छन् । त्यस अर्थमा पनि यस वर्षको वर्षगाँठको विशेष महत्त्व छ । २०८० भदौ ७ गते पिस कोर नेपालको ६१ औं वार्षिकोत्सवका दिन २१ स्वयंसेवकले अंग्रेजी शिक्षा र खाद्य सुरक्षाका क्षेत्रमा आफ्नो दुई वर्षको सेवा सुरु गर्नुअघि शपथ ग्रहण गरे । उनीहरू अहिले नेपालका दुई प्रदेशका पाँच जिल्लामा बस्छन् र काम गर्छन । शिक्षातर्फका स्वयंसेवकहरू सरकारी विद्यालयहरूमा कार्यरत छन् । उनीहरू कक्षा ४ देखि ७ सम्मका विद्यार्थीहरूलाई अंग्रेजी पढाउँछन । साथै उनीहरूले ती विद्यालयमा अंग्रेजी भाषा पढाउने शिक्षकहरूको क्षमता अभिवृद्धिमा पनि काम गर्छन । फलतः शिक्षकहरूले नयाँ सीप सिक्छन्, जुन उनीहरूले आफ्नो पेसागत जीवनभरि प्रयोग गर्न सक्छन । खाद्य सुरक्षा तर्फका स्वयंसेवकहरूले त्यस्ता ग्रामीण समुदायहरूमा काम गर्छन् जसको अर्थव्यवस्था जमिनसँग जोडिएको छ । कृषि उत्पादनमा सुधार ल्याउन र स्थानीय घरपरिवारले तयार पार्ने भोजनको पौष्टिकता वृद्धि गर्नुका साथै पारिवारिक आय बढाउन उच्च मूल्य आर्जन गर्ने नगदे बाली उत्पादन गर्न यी स्वयंसेवकहरू त्यहाँका कृषक समूहहरूसँग सहकार्य गर्छन ।

स्वयंसेवकहरूको यो नयाँ समूहले नेपाली भाषा सिक्ने र आफूलाई तोकिएको आतिथेय समुदायमा एकीकृत हुने गौरवपूर्ण परम्परालाई निरन्तरता दिएको छ । स्वयंसेवकहरूले आफूलाई तोकिएको समुदायका सदस्यहरूसँग सहकार्य गर्दै समुदायले प्राथमिकतामा राखेका विकासका चुनौतीहरूमा प्रगति हासिल गर्न सक्छन् भन्ने पिस कोरको विश्वास छ । तथापि, स्वयंसेवकहरूले पूरा गर्ने प्राविधिक कार्य जति महत्त्वपूर्ण छ, उनीहरूले बनाउने जनस्तरको सम्बन्ध पनि त्यति नै महत्त्वपूर्ण छ । पिस कोर स्वयंसेवकहरू नेपाली समुदायमा, नेपाली आतिथेय परिवारहरूसँग बस्छन । उनीहरू आफ्ना नेपाली परिवारसँग बिहान चिया पिउँछन् र दालभात खान्छन । हरेक दिन नेपाली भाषा सिक्दै र बोल्दै उनीहरू नेपाली शिक्षक, किसान र विद्यार्थी बालबालिकासँग सहकार्य गर्छन । उनीहरूबीचको घनिष्ठताले चिरस्थायी सम्बन्ध निर्माण गर्छ– आपसी सम्मान र समझदारीमा आधारित सम्बन्ध । र, यी सम्बन्धहरू पुस्तौंपुस्तासम्म रहन्छन । पिस कोर नेपालको निर्देशकको भूमिकामा रहँदा म अक्सर सबै उमेर र पेसाका नेपालीहरूलाई भेट्छु, जसले मलाई सन् १९६० को दशक वा त्यसपछिका दशकमा पिस कोर स्वयंसेवकसँग बसेको वा काम गरेको वा उनीहरूबाट केही सिकेको अनुभव सुनाउँछन । उनीहरू त्यस सम्बन्धलाई अनि स्वयंसेवकले उनीहरूको जीवनमा पारेको प्रभावलाई हार्दिकताका साथ सम्झन्छन । यस्तै एउटा सम्झना मेरी साथी सरिता न्यौपानेले सँगाल्नुभएको छ । मैले सरिताजीलाई धेरै वर्षअघि भेटेको थिएँ, जति बेला हाम्रा छोराछोरी काठमाडौंको एउटै विद्यालयमा पढ्थे । म पिस कोरमा काम गर्छु भन्ने थाहा पाएपछि उहाँले तुरुन्तै मलाई आफू लमजुङ जिल्लाको ग्रामीण क्षेत्रमा हुर्कबढेको र आफ्नो विद्यालयमा पिस कोर स्वयंसेवक शिक्षक भएको सुनाउनुभयो । ती स्वयंसेवकको नाम डेभिड वाकर थियो । सरिताजीका अनुसार, वाकरले उहाँलाई अंग्रेजी भाषा मात्र सिकाउनुभएन, आफ्नो अध्ययनमा अगाडि बढ्नसमेत प्रोत्साहित गर्नुभयो । कालान्तरमा सरिताजीले अमेरिकाबाट विद्यावारिधि गर्नुभयो र पछि युनिसेफका लागि बहुसंख्यक देशमा स्वास्थ्य र पोषणका क्षेत्रमा धेरै वर्ष काम गर्नुभयो । नेपालका वर्तमान परराष्ट्र सचिव भरतराज पौड्याल अर्को उदाहरण हुनुहुन्छ, जो पिस कोरको हालै आयोजित शपथ ग्रहण समारोहमा प्रमुख अतिथिसमेत हुनुहुन्थ्यो । सचिव पौड्यालले आफूलाई पनि युवावस्थामा स्याङ्जा जिल्लामा पिस कोर स्वयंसेवकले पढाएको बताउनुभयो र त्यस अनुभवलाई स्नेहपूर्ण रूपमा सम्झिनुभयो । यी अनुभवहरू अद्वितीय नभए पनि पिस कोर स्वयंसेवकहरूले हाम्रा दुई देशका नागरिकहरूबीच चिरस्थायी सम्बन्ध कसरी निर्माण गर्छन् भन्ने कुराका सशक्त उदाहरण हुन । तर यस्ता अनुभवहरू नेपालमा मात्र सुनाइँदैनन् । पिस कोरका स्वयंसेवकहरूले आफ्नो गृह मुलुक अमेरिका फर्कँदा आफूसँगै 'संसारलाई घरमा पुऱ्याउने' पिस कोरको महत्त्वपूर्ण लक्ष्य पूरा गर्छन । नेपालमा काम गरेका पूर्वस्वयंसेवकहरूले आफ्ना अमेरिकी साथीसंगी र परिवारलाई नेपालबारे बताउँछन्, आफ्ना अमेरिकी परिवारका लागि दालभात पकाउँछन् र अमेरिकीहरूका लागि नेपाललाई टाढाको नभई जानपहिचानको थलो बनाउँछन । यी ६ दशकमा अमेरिका र नेपालबीचको मित्रता अटल बनेको छ । त्यसैगरी नेपाली नागरिक र अमेरिकी स्वयंसेवकहरूबीच समेत बलियो व्यक्तिगत मित्रता स्थापित भएको छ ।

*सांभारः कान्तिपुर ।*

## बिमालेख हरायो

घरबाट जलेश्वर जाने क्रममा तपसिल बमोजिमको एल.आई.सी.नेपाल लि.को बिमालेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको शाखा कार्यालयमा बुझाई सहयोग गरिदिन अनुरोध छ ।

**तपसिल**

नाम : रमिना खातुन
ठेगानाः जलेश्वर नगरपालिका–४, सुगा भवानीपट्टी
बिमालेख : १७००२१५५४

विगत केही दिनदेखी समुदायमा व्यापक रुपमा आँखा पाक्ने रोग फैलिइरहेकोले उक्त रोगबाट बच्न र बचाउनका लागि निम्न उपायहरु अपनाउन हुन सम्बन्धित सबैमा अनुरोध छ ।

### आँखा पाक्ने रोगका प्रमुख लक्षणहरू :



- एक्कासी एउटा अथवा दुवै आँखा रातो हुने ।
- आँखा धेरै चिलाउने ।
- आँखामा कचेरा लाग्ने तथा टाँसिने ।
- आँखाबाट आँसु बगिरहने ।
- आँखा सुन्निने, दुख्ने/बिझाउने ।

### आँखा पाक्ने रोगबाट बच्ने उपायहरू :

- जथाभावी रुपमा आँखा नछुने/आँखा छुनुभन्दा पहिले राम्ररी साबुन पानीले हात सफा गर्ने ।
- सफा पानीले आँखा सफा गर्ने ।
- अरुले प्रयोग गरेका तौलिया/रुमाल प्रयोग नगर्ने ।
- व्यक्तिगत सरसफाईमा ध्यान दिने ।

### आाखा पाक्ने रोग लागिहालेमा के गर्ने :

- पटक-पटक सफा चिसो पानीले आँखा सफा गर्ने ।
- आँखा छोइसकेपछी हरेक पटक साबुन पानीले हात सफा गर्ने ।
- आफूले प्रयोग गर्ने रुमाल, तौलिया, कपडा छुट्टाछुट्टै राख्ने र अरुलाई प्रयोग गर्न वा छुन नदिने ।
- कालो चस्माको प्रयोग गर्ने ।
- आफुले प्रयोग गरेको सिरानीको खोल, तन्ना हरेक दिन सफा गर्ने ।
- जथाभावी रुपमा आँखामा औषधिको प्रयोग नगर्ने ।

सामान्यतया यो रोग १ हप्ताभित्र आफै निको भएर जान्छ तर समस्या बढ्दै गएमा तुरुन्त स्वास्थ्य संस्थाहरुमा गई स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्दछ ।

**बसबरिया गाउँपालिकाको कार्यालय, सर्लाही**




**कौडेना गाउँपालिकाको कार्यालय, सर्लाही**

# पाँच वर्षदेखि राजविराज-हनुमाननगर सडक खण्ड जीर्ण

जलेश्वरटुडे समाचारदाता
सप्तरी, १४ असोज




पाँच वर्षदेखि राजविराज-हनुमाननगर सडक खण्ड जीर्ण हुँदा स्थानीयले सास्ती भोग्दै आएका छन् । पाँच वर्षसम्म पनि जीर्ण सडक मर्मत नहुँदा आवागमनमा समस्या भएको स्थानीयको भनाइ छ ।

सडकमा परेका ठूलासाना खाल्डाले सवारीसाधन आवतजावतमा सकस हुने गरेको स्थानीय कमल मण्डलले बताए । हनुमाननगर र राजविराज जोड्ने सबैभन्दा छोटो दूरीको उक्त सडक स्तरोन्नतिका लागि स्थानीय तथा सम्बन्धित निकायले चासो नदिँदा यात्रुलाई सास्ती हुने गरेको उनको भनाइ थियो । हनुमाननगर-राजविराज सडक अन्तर्गत तोपाखण्डको सडकमा सवारी साधन गुड्न सक्ने अवस्था नरहेको उनले बताए । वर्षामा मात्र नभई अरु समयमा पनि जीर्ण सडकका कारण सदरमुकाम राजविराजसम्म पुग्न समस्या हुने गरेको जनता समाजवादी पार्टीका नेता जीतेन्द्र खड्गाले गुनासो गरे । यस खण्डमा ठूलाठूला खाल्डो भएकाले रातिको समयमा यात्रा गर्दा थप जोखिम रहेको बताउँदै यहाँ सवारी दुर्घटनाको अत्यधिक सम्भावना रहेको उनको भनाइ थियो । सोही खण्डअन्तर्गत मन्सापुर नजिक सडेपारमा पनि यात्रा गर्न सास्ती हुने स्थानीय शैलेन्द्र सिंहले बताए । "हामीले सडक विभाग, पालिका तथा वडा कार्यालयलाई सडक बनाउन आग्रह गर्दा पनि स्तरोन्नतिको काम भएको छैन", उनले भने, "सम्बन्धित निकायको लापरवाहीका कारण स्थानीयले सास्ती भोग्दै आएका छौं ।"

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday